अनुसुची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## बराहताल गाउँकार्यपालिकाद्वारा प्रकाशित

खण्डः १, संख्याः २ मितिः २०७५/०३/३०

भाग-१

बराहताल गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बराहतालगाँउपालिकाको गाँउसभाले पारित गरेको तल लेखिए बमोजिमको बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## **बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमितगर्ने) ऐन, २०७५**

प्रस्तावनाः

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमितगर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा १०२ को उपदफा (१) बमोजिम बराहताल गाउँपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस ऐनको नाम“बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि( नियमितगर्ने) ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन बराहताल गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : (१) बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन,२०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका”भन्नाले बराहताल गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले बराहताल गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा”भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(ङ) “संविधान”भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. नियमबनाउने अधिकार : (१) नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बराहताल गाउँकार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियमहरु बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमामात्र बनाउनु पर्नेछ ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने: (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही बराहताल गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
यादव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत